**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०८ सितम्बर २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचाा**

१. आरजी कर अस्पताल मामलामा भ्रष्टाचारको विरोध गर्दै तृणमूल कांग्रेस पार्टीको राज्यसभा सांसद जवाहर सिरकरले पद अनि राजनीतिबाट राजीनामा दिनुभएको छ।

२. भारतमा घातक एवं संक्रामक रोग मङ्कीपक्सको पहिलो सम्भावित मामिला अघि आएको छ।

३. आज विश्व साक्षरता दिवस हो।

४. आज दार्जीलिङको लेबोङ कार्ट रोड किनारमा सरकार तथा नगरपालिकाको जमीनमा अवैधरूपले कब्जा गरी बनाइएका निर्माणहरू भत्काइयो।

५. भारतीय गोर्खा परिसंघ खरसाङ क्षेत्रीय समितिको आयोजनामा स्वतन्त्रता सेनानी कप्तान दलबहादुर थापाको सालिक अनावरण गरिएको छ।

**सिरकर इस्तीफा -टीएमसी**

तृणमूल कांग्रेस पार्टीको राज्यसभा सांसद जवाहर सिरकरले पद अनि राजनीतिबाट राजीनामा दिनुभएको छ। यस सम्बन्धमा उहाँले पार्टी प्रमुख अनि पश्चिम बंगालको मुख्यमन्त्री ममता बनर्जीलाई पत्र लेख्नुभएको छ। श्री सिरकरले संसदको सेवाको अवसर दिइएकोमा मुख्यमंत्रीलाई धन्यवाद दिनुहुँदै राज्यको वर्तमान स्थितिमाथि अप्रसन्नता व्यक्त गर्नुभएको छ। श्री सिरकरले आफू तृणमूल कांग्रेस पार्टीमा व्याप्त भ्रष्टाचार अनि पार्टी नेताहरुका एक वर्गको गुण्डा-गर्दीसित निराश भएको पनि बताउनुभयो। उहाँले आर.जी कर अस्पताल मामलाको उल्लेख गर्दै जनताको आक्रोश स्वाभाविक, अत्यधिक तथा गैर-राजनीतिक रहेको अनि आफुले पीडिताको लागि न्याय चाहेको पनि बताउनुभयो। श्री सिरकरले आफ्नो पत्रमा राज्य सरकार दोषीहरुलाई सजा दिलानका लागि पर्याप्त अनि त्वरित पाइला उठाउनमा असमर्थ रहेको पनि बताउनुभएको छ।

****** ० ******

**राजू विष्ट-बंगाल**

आरजी कर अस्पताल मामलामा भ्रष्टाचारको विरोध गर्दै जवाहर सिरकरले पद अनि राजनीतीबाट राजीनामा दिनुभएको सम्बन्धमा दार्जीलिङ्गको सांसद राजू विष्टले पश्चिम बंगालको मुख्यमंत्री ममता ब्यानर्जीको आलोचना गर्नुभएको छ। श्री विष्टले मुख्य मंत्री ब्यानर्जीले पुलिस अनि प्रशासनको सहयोगमा राज्यमा झूठ, छल अनि अत्याचार गरेको श्री सिरकरले खुलस्त पारेको बताउनुभयो। श्री सिरकरले नैतिक आधारको कारण राजीनामा दिनुभएको, अनि तृणमूल कंग्रेस नेतृत्वले कसरी जघन्य आरजी कार बलात्कार अनि हत्याकाण्ड मामलालाई लुकाउन खोज्यो, तथा कसरी उनीहरूले संलग्नहरूलाई संरक्षण गरे भनी श्री सिरकरले खुलासा गरेको राजू विष्टले बताउनुभएको छ।

****** ० ******

**मङ्कीपक्स**

भारतमा घातक एवं संक्रामक रोग मङ्कीपक्सको पहिलो सम्भावित मामिला अघि आएको छ। केन्द्रिय स्वास्थ्य मन्त्रालयले यस सम्बन्धमा आज जानकारी दिएको छ। मन्त्रालय अनुसार, जहंच चलिरहेको छ र चिन्ता लिनु पर्ने आवश्यकता छैन। मन्त्रालयले हालैमा विदेश यात्राबाट फर्किएका एक रोगीलाई एमपक्स (मङ्कीपक्स) को संदिग्ध बिरामीको रूपमा चिन्हित गरिएअको छ। रोगीलाई एक निर्दिष्ट अस्पतालमा पृथकबासमा राखिएको छ र वर्तमानमा उसको स्थिति स्थिर छ। एमपक्सको पुष्टि गर्नका लागि रोगीको नमूनाहरूको परीक्षण गरिँदैछ।

****** ० ******

**साक्षरता दिवस- बिजनबारी**

आज अन्तर्राष्ट्रिय साक्षरता दिवस हो। यस अवसरमा बिजनबारीमा अन्तर विद्यालय हाजिरी जवाफ प्रतियोगिता सप्पन्न गरिएको छ। द बी टीम बिजनबारीको मुख्य आयोजनामा बिजनबारी महाबिधालय परिसरमा आयोजित कार्यक्रममा दार्जिलिङ पुलबजार खण्डको विभिन्न क्षेत्रका १५ सरकारी तथा निजी बिधालयहरुले भाग लिएका थिए। विभिन्न चरणमा

दिनभरि चलेको प्रतियोगितामा लिटल रगीत अग्रेजी बिधालय प्रथम, एन.डी.ए कैजले दोस्रो तथा बुमडेल एकाडेमी- बासबोटे तेस्रो स्थानमा रहे। बिजेता दलहरूलाई आकर्षक पुरस्कारद्वारा सम्मानित गरियो।

****** ० ******

**दार्जीलिङ नगरपालिका**

आज दार्जीलिङको लेबोङ कार्ट रोड किनारमा सरकार वा नगरपालिकाको जमीनमा अवैधरूपले कब्जा गरी बनाइएका निर्माणहरू भत्काइयो। हाल दार्जीलिङ नगरपालिकाले दार्जीलिङ शहरी क्षेत्रका नालीहरूमाथि बनिएका दोकान, कार्यालय, सिण्डिकेट तथा अन्य निर्माणहरूलाई हटाउने अभियान तीव्र गतिले अघि बढ़ाइरहेको छ, जसको चौतर्फी प्रशंसा पनि भइरहेको छ। विशेषगरी वर्षाको समयमा नालीहरू ब्लक भएर पानी बाटोमा बग्दा जनसाधारणलाई धेरै असुविधा भइरहेको गुनासो नगरपालिकालाई प्राप्त भइरहेको थियो। त्यसैलाई मध्यनजर गरेर दार्जीलिङ नगरपालिकाले नाली खोल्ने कार्य गरेको बताइएको छ।

****** ० ******

**सालिग अनावरण**

भारतीय गोर्खा परिसंघ खरसाङ क्षेत्रीय समितिको आयोजनामा स्वतन्त्रता सेनानी कप्तान दलबहादुर थापाको सालिक अनावरण गरिएको छ। सालिग खरसाङको आईएनए बस बिसौनी परिसरमा भारतीय गोर्खा परिसंघका राष्ट्रिय भारप्राप्त अध्यक्ष नित्यानन्द उपाघ्य र गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको सूचना अनि सांस्कृतिक विभागको कार्यकारी सभासद अनोश थापाको बाहुलीबाट अनावरण गरियो। सालिग अनावरणपछि यहाको सन्त अल्फन्सेस विद्यालयमा एउटा समारोहको आयोजन गरियो जसमा भारतीय गोर्खा परिसंघका सदस्य आई.एन शर्माद्वारा लिखित पुस्तक –स्वाधीनता सङ्गामका खुकुरीवीरहरू लोकार्पण गरियो।

****** ० ******

**हिलटाईम्स साहसिक पुरस्कार**

प्रत्येक बर्ष झै यस बर्ष पनि हिलटाईम्स अनि सर्वनाम समूहको सयुक्त आयोजनामा हिलटाईम्स साहसिक पुरुस्कार अनि सर्वनाम समुह स्थापना दिवास स्थानीय रबिन्द्रभवनमा आगामी २८ सेप्टेम्बर २०२४ शनिबारको दिन पालन गरिने भएको छ। यस बर्षको हिलटाईम्स साहसिक पुरुस्कार २०२४ समाजिक कार्यकर्ता एवम् कन्चनजङ्गा उद्दर केन्द्रका संस्थापक रङ्ग सौरियालाई अनि हिलटाईम्स पत्रकारिता सम्मान, पत्रकार एवम् साहित्यकार प्रवीण खालीङलाई प्रदान गरिने जानकारी हिलटाईम्सका निर्देशक केशर मोक्तानले एक पत्रकार सम्मेलन गरेर दिनुभएको छ। यसै गरी सर्वनाम समूहले स्थापना दिवसको दिन मङपूका दुई साहित्यक स्रष्टा साहित्यकार के.बी (कृष्ण) गिरी, अनि उपन्यासकार सी.बी बान्तावालाई यसै कार्यक्रम बीच सम्मानित गरिने कुरा संस्थाका सयोजक सुरेन्द्र थीङले पत्रकार सम्मेलन मार्फत जानकारी दिएका छन्।

****** ० ******

**स्थापना दिवस**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले भोलि आफ्नो चौथो स्थापना दिवस मिरिकमा पालन गरिरहेको छ। भव्य समारोह बिच भागोप्रमोको स्थापना दिवस समारोहमा उपस्थिति दिन आज नै पार्टीका शिर्षस्थ नेताहरु मिरिकमा भेला भइरहका छन्। स्थापना दिवसको पूर्व संध्यामा जिटिए प्रमुख अनित थापाको बाहुलीवाट इन्द्रेणी पुलमा जडान गरिएको बिजुली बत्तीको उद्घाटन गरिने छ। यस बर्षको स्थापना दिवसमा पार्टीको आगामी निति, रणनीतिबारे धेरथोर खुलासा हुन सक्ने राजनीतिक चिन्तकहरुले अनुमान पनि लगाइरहेका छन्। पहाडमा नयाँ शक्ति समिकरण बन्ने सम्भावनाबिच हुन गइरहेको भागोप्रमोको स्थापना दिवस समारोहले पहाडको राजनीतिको आगामी दिशा निर्धारण हुन सक्ने बताइएको छ।

****** ० ******

**मन घिसिङ**

गोर्खा जातिको मुद्दाको लागि शीघ्र वार्ता शुरू गरेर निष्कर्ष निकाल्नुपर्ने माग राख्दै गोर्खा राष्ट्रिय मुक्ति मोर्चाले आजदेखि डुवर्समा कालो झण्डा अभियान शुरू गरेको छ। पहाड़, तराई अनि डुवर्सले अब झट्ट न्याय पाउनु पर्छ, गोर्खाहरु खुसी छैनन्। भारत सरकार न्याय देउ भन्ने सन्देश दिन हेतु, डुवर्स पुगेर कालो झण्डा लगाउने अभियानको आरम्भ गरेको घिसिङले बताउनु भएको छ। आफ्नो टोलीको साथमा बागपुलमा कालो झण्डा लगाउँदै सामसिङ अनि जलपाईगडी जिल्लाको सिमानामा पनि मन घिसिङले कालो झण्डा लगाउनु भयो। सिप्सुबाट अभियानको थालनी गर्दै उहाँले २००६ को आन्दोलनमा शहीद बनेकाहरूलाई शहीद वेदीमा पुगेर श्रद्धाञ्जलि अर्पण गर्नुभयो। पत्रकारहरूलाई सम्बोधन गर्दै उहाँले मैले २७ जुलाई २०२४ को दिन शहीद दिवसको अवसरमा खर्साङको लङभ्युको शहीद वेदीबाट अभियानको घोषणा गरेको थिए।

**फूटबल**

खरसाङ अन्तर-कार्यालय फूटबल च्याम्पियन आकाशवाणी खरसाङले जित्यो। खरसाङको मन्टीभिएट खेल मैदानमा खरसाङ फूटबल एसोसिएशनद्वारा आयोजित यस च्याम्पियानशीपको फाइनलमा आकाशवाणी खरसाङ र खरसाङ पुलिस बीच रोमान्चक मुकाबिला भयो। खेलको पहिलो हाफमा आकाशवाणीको टीमले २ गोल हाल्यो भने खरसाङ पुलिसले पहिलो गोल गरयो। दोस्रो हाफमा खरसाङ पुलिसले अझ एक गोल गरी म्याच बराबरीमा ल्यायो। ६० मिनटको खेल पूरा भएपछि दुवै टीम २-२ गोलको बराबरीमा रहे पछि पेनाल्टी शूटआउट गरियो। पेनाल्टी शुट आउटमा आकाशवाणी खरसाङले ५ गोल हाल्यो भने खरसाङ पुलिसले ४ गोल मात्र हाल्न सक्यो। आजको फाइनलमा प्लेयर अफ् द म्याच आकाशवाणीका खेलाड़ी प्रयास सार्कीलाई घोषित गरियो भने प्रतियोगिताको सर्वश्रेष्ठ खेलाड़ी खरसाङ पुलिसका खेलाड़ीलाई घोषित गरियो। सर्वश्रेष्ठ गोलकिपर आकाशवाणीका मौसम नेवारलाई घोषित गरियो।

****** ० ******

**लोकार्पण**

प्राध्यापक डा. अमीर दर्जीद्वारा लिखित दुईवटा अनुसन्धानमूलक पुस्तकहरू क्रमैले श्तीनधारेमा नेपाली नाटकश अनि शविविध वृतहरूमा तीनधारेश एक कार्यक्रमबीच तीनधारेमा लोकार्पण गरिएको छ। तीनधरेको महात्मा गाँधी हलमा सम्पन्न यस लोकार्पण कार्यक्रममा माता सरस्वतीको तस्वीरमा धुप दिप प्रज्वलन गरी शुरु गरिएको थियो। कार्यक्रमको आरम्भमा साहित्यकार एंव शिक्षाविद् हस्त नेचालीको स्मरणमा मौन धारण गरियो।

****** ० ******

*************